# ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सैनवार बर्दिया
५ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७५/०७६ मिति २०७५।०७।१४

च.न. ३७

विषय : विज्ञापन सम्बन्धमा ।

प्रस्तुत विषयमा ठाकुरबाबा नगरपालिकाको नगर शिक्षा ऐन २०७५, ठाकुरबाबा नगरपालिकाको शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ अनुसार यस आ.व.को बजेटबाट यस नगरपालिका भित्रका सामुदायिक विद्यालयमा शैक्षिक जनशक्ति व्यवस्थापन गर्न नगर कार्यपालिकाबाट २२ सिट(कोटा) निर्धारण भएकाले ती पदहरु तथा यस न.पा.का विभिन्न विद्यालयमा आजका मितिसम्म रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा करार पदपूर्ति गर्नु पर्ने भएकाले इच्छुक व्यक्तिहरुले विज्ञापन अनुसार १५ दिन भित्र रितपूर्वक निवेदन दिनु हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**समूह (क) न.पा.को अनुदानबाट**

१.साविक निम्न माध्यमिक तह/ आधारभूत तह -१३ सिट

| क्र.सं. | विषय | सिट संख्या | विज्ञापन नं | सिट कायम भएको विद्यालय(स्थान मात्र उल्लेख छ) |
|---|---|---|---|---|
| १ | नेपाली | ४ | ०१/२०७५ | बर्गदा, नेउलापुर, तुल्सीपुर र डुम्रेनी |
| २ | अंग्रेजी | २ | ०२/२०७५ | मिर्चैया र नेउलापुर |
| ३. | गणित विज्ञान | ५ | ०३/२०७५ | मिर्चैया, नेउलापुर, तुल्सीपुर, सुन्दरपुर र डुम्रेनी |
| ४ | सामाजिक | २ | ०४/२०७५ | सुन्दरपुर र मिर्चैया |

२. माध्यमिक तह(९-१०) - ८ सिट

| क्र.सं. | विषय | सिट संख्या | विज्ञापन नं | सिट कायम भएको विद्यालयको नाम र ठेगाना |
|---|---|---|---|---|
| १ | नेपाली | २ | ०५/२०७५ | श्री किसान मा.वि. बनकट्टी र श्री ने.रा.मा.वि. कर्मला |
| २ | गणित | २ | ०६/२०७५ | श्री किसान मा.वि. बनकट्टी र श्री ने.रा.मा.वि. कर्मला |
| ३ | विज्ञान | २ | ०७/२०७५ | श्री किसान मा.वि. बनकट्टी र श्री ने.रा.मा.वि. कर्मला |
| ४ | सामाजिक शिक्षा | १ | ०८/२०७५ | श्री ने.रा.मा.वि. कर्मला |
| ५ | लेखा | १ | ०९/२०७५ | श्री किसान मा.वि बनकट्टी |

३. माध्यमिक(११-१२) -१ सिट

| क्र.सं. | विषय | सिट संख्या | विज्ञापन नं | सिट कायम भएको विद्यालयको नाम र ठेगाना |
|---|---|---|---|---|
| १ | अर्थशास्त्र | १ | १०/२०७५ | श्री किसान मा.वि. बनकट्टी |

**४. विज्ञापन सम्बन्धी थप सूचनाहरु :**

- प्रचलित तलव स्केलको ८० प्रतिशत मासिक तलव सुविधा र मासिक रु २,०००। महंगी भत्ता , चाडपर्व खर्चसमेत उपलब्ध गराइनेछ,
- विद्यालयमा आन्तरिक स्रोतबाट तलव सुविधा पाउने गरी नियुक्ति लिनु भएका व्यक्तिहरुले स्पष्टरुपमा मिति खुलेको वि.व्य.स.को निर्णयको प्रमाणित प्रतिलिपि, नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ,
- आवेदकले आवेदन गर्दा आफ्ना शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपि, स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ
- आधारभूत तहका लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा प्रविणता प्रमाण पत्र वा सो सरहको योग्यता,
- माध्यमिक तहका लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातक वा सो सरहको हुनुपर्ने,
- आधारभूत तह सामाजिक विषयका लागि प्रविणता प्रमाणपत्र वा सो सरह र माध्यमिक तहको सामाजिक शिक्षाका लागि स्नातक वा सो सरहको योग्यता हुनुपर्ने,
- गणित विज्ञान विषयको हकमा गणित र विज्ञान दुवै विषय लिई प्रमाणपत्र तह वा सो सरह योग्यता भएको,
- शाखाबाट उपलब्ध गराइएको आवेदन फाराम भरी माध्यमिक तहका लागि रु.१,०००। र आधारभूत तहका लागि रु ७००। आवेदन दस्तुर तिरेको रसिदसहित रितपूर्वक निवेदन दिनुपर्नेछ,
- शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिइ उत्तीर्ण गरेको हुनुपर्ने,
- दरखास्त बुझाउने अन्तिम मिति २०७५ कार्तिक २८ सम्म १८ वर्ष पुगी ४० वर्ष ननाघेको हुनु पर्ने,
- दोब्बर दस्तुरको अन्तिम मिति २०७५ मंसिर ५ सम्म मात्र,

- परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक सबै,
- लिखित परीक्षको पाठ्यक्रम : शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि तोके अनुसारको हुनेछ
- मौखिक परीक्षा नगरपालिकाको शिक्षक व्यवस्थापन कार्यविधि अनुसार र प्रयोगात्मक परीक्षा ठाकुरबाबा नगर शिक्षा ऐनको परिच्छेद ५, दफा ८(१) अनुसार गठन हुने शिक्षक तथा कर्मचारी छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ,
- आवेदनको अन्तिम दिन सम्पर्क तथा परीक्षा मिति तोकिनेछ ।

**समूह (ख) केन्द्रिय (दरबन्दी/राहत अनुदान )तर्फ**

१. सिट संख्या विवरण :

| क्र.सं | तह | विषय | संख्या | विज्ञापन नं | विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक | अ. अंग्रेजी | १ | ११/२०७५ | श्री चुरे मा.वि.बगनाहा | दरबन्दी |
| २ | माध्यमिक | भौतिक विज्ञान | १ | १२/२०७५ | श्री चुरे मा.वि.बगनाहा | अनुदान |
| ३ | नि.माध्यमिक | सामाजिक शिक्षा | १ | १३/२०७५ | श्री चुरे मा.वि.बगनाहा | दरबन्दी |
| ४ | प्राथमिक | एकिकृत | २ | १४/२०७५ | श्री ने.रा.आ.वि.ठाकुरद्धारा १ सिट र १ सिट पुल शिक्षा शाखामा | दरबन्दी |
| ५ | प्राथमिक | एकिकृत | १ | १५/२०७५ | शिक्षा शाखामा पुलमा रहेको | राहत |
| ६ | बालविकास | - | १ | १६/२०७५ | शिक्षा शाखामा पुलमा रहेको | अनुदान |

२. विज्ञापन सम्बन्धी थप सूचनाहरु

- आवेदकले आवेदन गर्दा आफ्ना शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपि, स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ,
- आधारभूत तह (६-८) वा नि.मा. तहका लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा प्रविणता प्रमाण पत्र वा सो सरहको योग्यता हुनुपर्ने,
- प्राथमिक तहका लागि पनि शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको योग्यता हुनुपर्ने र बालविकास शिक्षकको हकमा एस.एल.सी. वा सो सरहको योग्यता हुनुपर्ने ,
- आधारभूत तह सामाजिक विषयका लागि प्रविणता प्रमाणपत्र वा सो सरह र माध्यमिक तहको सामाजिक शिक्षाका लागि स्नातक वा सो सरहको योग्यता हुनुपर्ने ,
- गणित विज्ञान विषयको हकमा गणित र विज्ञान दुवै विषय लिई प्रमाणपत्र तह वा सो सरह योग्यता भएको,
- शाखाबाट उपलब्ध गराइएको आवेदन फाराम भरी माध्यमिक तहका लागि रु १,०००। र आधारभूत तह ( ६-८)का लागि रु ७००। , प्राथमिक तह (१-५),का लागि रु ५००। र बालविकास शिक्षकका लागि रु ३००। आवेदन दस्तुर तिरेको रसिदसहित रितपूर्वक निवेदन दिनुपर्नेछ,

- शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिइ उत्तीर्ण गरेको,
- दरखास्त बुझाउने अन्तिम मिति २०७५ कार्तिक २८ सम्म १८ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्ने,
- दोब्बर दस्तुरको अन्तिम मिति २०७५ मंसिर ५ सम्म मात्र,
- परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक सबै,
- लिखित परीक्षको पाठ्यक्रम : शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि तोके अनुसारको हुनेछ तर कक्षा(११-१२) का शिक्षक पदका लागि माध्यमिक तहको पाठ्यक्रम र बालविकास शिक्षकका लागि शिक्षक तथा कर्मचारी छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ,
- मौखिक परीक्षा नगरपालिकाको शिक्षक व्यवस्थापन कार्यविधि अनुसार र प्रयोगात्मक परीक्षा ठाकुरबाबा नगर शिक्षा ऐनको परिच्छेद ५, दफा ८(१) अनुसार गठन हुने शिक्षक तथा कर्मचारी छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ,
- आवेदनको अन्तिम दिन सम्पर्क तथा परीक्षा मिति तोकिनेछ ।
- कक्षा(११-१२)को भौतिक विज्ञान शिक्षक पदका लागि सम्बन्धित विषयमा स्नातकोत्तर योग्यता र अंग्रेजी विषय शिक्षकका लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरहको योग्यता,
- भौतिक विज्ञान र बालविकास शिक्षकका लागि तालिम अनिवार्य छैन,

**नोट** : आधारभूत तह /निम्न माध्यमिक गणित विज्ञान विषयमा तोकिएको १५ दिन भित्र योग्यता पुगेका व्यक्तिहरुबाट आवदेन नपरेको खण्डमा ठाकुरबाबा न.पा.को शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को बुँदा ६ को उपबुँदा ७ अनुसार सात दिनको म्याद राखी अध्यापन अनुमति पत्र नभएकाहरुबाट आवेदन मागको विज्ञापन गरिनेछ ।

सिता कुमारी भण्डारी

शिक्षा शाखा अधिकृत

**शिक्षा शाखा अधिकृत**